# प्रश्न नं. १६

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं.१८३० देखि १९५१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

गणेश श्रेष्ठको जाहेरीले नेपाल सरकार
विरुद्ध
इलाम जिल्ला फिक्कल नगरपालिका वडा नं. ६ बस्ने तोरण मुखिया समेत
मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।१ गते मेरो भाइ निरोज श्रेष्ठलाई फिक्कले खोल्सीमा तोरण मुखिया समेतको हुल जम्मा भई पासाङ घिसिङले हान मार भनी आदेश दिई तोरण मुखियाले छुरी झिकी भाइको पेटमा प्रहार गरे । भाइलाई उठाउँदा पासाङ घिसिङले खुकुरी प्रहार गर्न उज्याउँदा विमल श्रेष्ठले खुकुरी खोस्ने प्रयास गरेपछि भागी गए । भाईलाई उपचार गर्न लाँदा बाटैमा मृत्यु भएकोले तोरण मुखिया समेतलाई ज्यान सम्बन्धी कसूर अपराधमा सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको गणेश श्रेष्ठले २०७५।८।२ गते जिल्ला प्रहरी कार्यालय, ईलाममा चढाएको जाहेरी दरखास्त ।
२. मृतकको बायाँपट्टि काछमा धारिलो हतियारले रोपेर १ इन्च लम्बाई, १ र २ इन्च चौडाई, २ इन्च गहिराईको घाउ भई उक्त घाउबाट रगत बगी सुकी कटकटीएको, पेन्ट हाफ कट्टु , काछी समेतमा १ इन्च गोलाइको प्वाल परेको भन्ने समेत व्यहोराको लाश प्रकृति मुचुल्का ।
३. बायाँपट्टि काछमा मुख्य नशा काटिई अत्यधिक रक्तश्राव भई निरोज श्रेष्ठको मृत्यु भएको भन्ने समेत व्यहोराको लाश जाँच रिर्पोट
४. मिति २०७५।८।१ गते निरोज श्रेष्ठलाई पासाङ घिसिङ समेतले घेरी निजले ठोक भनेपछि तोरण मुखिया समेत भई कुटपिट गरी धारिलो हतियार प्रहार गरी शक्त घाइते भएका निरोज श्रेष्ठलाई उपचार गर्न लाँदा लादै बाटैमा मृत्यु भएको भन्ने समेत व्यहोराको मोहन श्रेष्ठ, राजु राई, कमल कुमार प्रधान, अर्जुन कुमार गुरुङ, नरेश शाह, विमल प्रधान समेतले गरिदिएको प्रायः एकै मिलान व्यहोराको अलग अलग कागज ।
५. मिति २०७५।८।१ गते फिक्कल चोकबाट प्रहरी चौकीमा रिपोर्ट गर्न जान्छु भनी निरोज श्रेष्ठ समेत जाँदा म पनि पछि लागि गई वडा कार्यालयको भवनमाथि तोरण मुखियाले छुरी निकाली निरोज श्रेष्ठलाई प्रहार गरे । हुल हुज्जत गरी सहयोग गर्ने म समेत थियौं भन्ने समेत व्यहोराको प्रतिवादी नरेन सुव्वाले अधिकारप्राप्त अधिकारी समक्ष गरिदिएको बयान कागज ।
६. मिति २०७५।८।१ मा सर्जनले निरोजलाई कुटेछन भनेर मलाई भन्यो त्यसपछि चौकीमा रिपोर्ट गर्न जाँदा दीपक तामाङ आइपुगे पछि तोरण मुखिया र ७८ जनाले कुट्यो र छुरी पनि देखायो भनी निरोजले निजका दाजुहरूलाई भने, त्यसपछि दिपक तामाङ र निरोज बीच विवाद हुँदाहुदै पासाङ घिसिङ समेत आई म समेत भई निरोज श्रेष्ठलाई घेराउ गरी तोरण मुखियाले छुरी झिकी निरोज श्रेष्ठलाई प्रहार गरी घाइते बनाई उपचार गराउन लाँदा लाँदै मृत्यु भएछ भन्ने समेत व्यहोराको प्रतिवादी रविकर मुखियाले अधिकारप्राप्त अधिकार समक्ष गरिदिएको बयान कागज ।
७ मिति २०७५।८।१ मा पासाङ घिसिङले ठोक भनेपछि म समेत भई निरोज श्रेष्ठ र निजसँग आएका गणेश श्रेष्ठ समेतलाई घेराउ गरी तोरण मुखियाले छुरीले निरोज श्रेष्ठलाई प्रहार गरे भन्ने समेत व्यहोराको प्रतिवादी सुरेन सुन्दासले अधिकारप्राप्त अधिकारी समक्ष गरिदिएको बयान कागज ।
८. निरोजश्रेष्ठलाई छुरी प्रहार भएको स्थानदेखि उत्तरतर्फ ११ इन्च लामो छुरी बरामद भएको भन्ने समेत व्यहोराको बरामदी मुचुल्का ।
९. तोरण मुखियाले निरोज श्रेष्ठलाई छुरी प्रहार गरेको भन्ने समेत व्यहोराको केशव प्रधानले गरिदिएको कागज ।
१०.मिति २०७५।८।१ गते निरोज श्रेष्ठलाई तोरण मुखियाले छुरी प्रहार गरी निरोज मुर्छा परी लडेपछि प्रतिवादीहरू भागेका हुन् भन्ने समेत व्यहोराको अम्बर गुरुङले गरि दिएको कागज ।
११.मिति २०७५।८।१ मा शान्ति सुरक्षाको लागि चौकीतर्फ जाँदा दीपक तामाङले निहुँ खोजी पासाङ घिसिङले मार भन्ने आदेश दिएपछि मोहन घिसिङ, दावा, तोरण मुखिया समेत भई कुटपिट गर्न थालेपछि तोरण मुखियाले निरोज श्रेष्ठलाई छुरी हानेको हो भन्ने समेत व्यहोराको फुकाका लामा, सर्जन राई, पूजन श्रेष्ठ, निमा लामा, तारा राई, टेकबहादुर गुरुङ समेतले प्रायः एकै मिलानमा गरिदिएको अलग अलग कागज ।
१२.प्रतिवादी तोरण मुखियाले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) अनुसारको कसूर अपराध गरेको हुँदा निजलाई ऐ. संहिताको दफा १७७(२) बमोजिम सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको मागदावी लिई पेश भएको अभियोग पत्र ।
१३.प्रतिवादीहरुले ईलाम जिल्ला अदालतमा गरेको ईन्कारी बयान ।
१४इलाम जिल्ला अदालतबाट भएको फैसला ।
१५उच्च अदालत विराटनगर ईलाम इजलास समक्ष पेश भएको पुनरावेदन पत्र ।